**स्थानीय राजपत्र**

**खण्ड- ५ संख्या- ३ २०७८ साल मंसिर महिना २६ गते**

**स्थानीय सरकार**

**भाग-२**

# सामुदायीक विद्यालय अनुदान संचालन कार्यविधि, २०७८

कार्यपालिकाबाट स्वीकृत मितिः- २०७८/०८/१५

**प्रस्तावना**

चन्द्रकोट गाउँपालिका भित्रका सामुदायीक विद्यालयहरुमा स्वीकृत दरवन्दी न्यून रहेको, विद्यालयको आफ्नो निजी स्रोत नरहेकोले शिक्षा जस्तो संवेदनशील क्षेत्र सामुदायीक विद्यालय संचालन गर्न गाउँपालिकाबाट विनियोजित अनुदान संचालनका लागि स्पष्ट कानूनी व्यवस्था गरी खर्च गर्न वाञ्छनीय भएकाले, "नेपालको संविधान २०७२ को धारा २२१ अनुसार सोही संविधानको अनुसूची ८ को सूची नं. ८ का अधिकारलाई कार्यान्वयन गर्न" तथा "स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा १०२ बमोजिम चन्द्रकोट गाउँपालिकाले यो कार्यविधि बनाएको छ ।

१. **संक्षिप्त नाम र प्रारम्भः** (१) यस कार्यविधिको नाम सामुदायीक विद्यालय अनुदान संचालन कार्यविधि, २०७८ रहेको छ।

(२) यो कार्यविधि राजपत्रमा प्रकाशन भएको मितिबाट लागू हुनेछ।

२. **परिभाषाः** विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस कार्यविधिमाः

(क) "अनुदान" अनुदान भन्नाले चन्द्रकोट गाउँपालिकाबाट पालिकास्तरी र वडास्तरीय बजेटबाट सामुदायीक विद्यालय संचालनार्थ विनियोजित बजेटलाई सम्झनु पर्दछ।

(ख) "गाउँपालिका" भन्नाले चन्द्रकोट गाउँपालिकालाई सम्झनु पर्दछ ।

(ग) "कार्यपालिका" भन्नाले चन्द्रकोट गाउँ कार्यपालिकालाई सम्झनु पर्दछ।

(घ) "सामुदायीक विद्यालय" भन्नाले चन्द्रकोट गाउँपालिका भित्रका प्राथमिक विद्यालय, आधारभूत विद्यालय र माध्यमिक विद्यालयलाई सम्झनु पर्दछ।

(ङ) "प्राथमिक विद्यालय" भन्नाले कक्षा ५ सम्म अध्यापन हुने विद्यालय सम्झनु पर्दछ।

(च) "आधारभूत विद्यालय" भन्नाले कक्षा ८ सम्म अध्यापन हुने विद्यालय सम्झनु पर्दछ।

(छ) "माध्यमिक विद्यालय" भन्नाले कक्षा बाह्र सम्म अध्यापन हुने विद्यालय सम्झनु पर्छ।

३. **अनुदान सम्बन्धी व्यवस्थाः**- (१) गाउँसभाले आवश्यकता आधारमा दरवन्दी न्यून रहेका सामुदायीक विद्यालयहरु संचालन गर्न आवश्यक वजेट छुट्याउन सक्नेछ।

(२) गाउँसभाले सामुदायीक विद्यालय संचालनार्थ अनुदान बजेट छुट्याएमा कार्यपालिका बैठकले आवश्यकता आधारमा न्यून दरवन्दी रही निजी स्रोतबाट तलब भत्ता भुक्तान गर्नु पर्ने सामुदायीक विद्यालयहरुलाई आवश्यक अनुदान उपलब्ध गराउने छ।

४. **अनुदान प्राप्त गर्ने सम्बन्धी व्यवस्थाः**- (१) गाउँपालिकाबाट सामुदायीक विद्यालय संचालनार्थ अनुदान बजेट विनियोजन भइसके पश्चात सामुदायीक विद्यालयलाई

देहायका आधारमा अनुसूची-१ बमोजिम सम्झौता गरी अनुदान उपलब्ध गराइने छ।

(क) सम्झौता गरिदिने सम्बन्धी सम्बन्धित वडा कार्यालयको सिफारिस पत्र।
(ख) विद्यालय व्यवस्थापन समितिको निर्णय।
(ग) अनुसूची-२ बमोजिम विद्यालयको प्रस्ताव पत्र (Proposal Paper) ।

५. **<u>अनुदान निकासा सम्बन्धी व्यवस्था</u>**:- गाउँ कार्यपालिकाले दफा ४ बमोजिम अनुदान रकम उपलब्ध गराउन दुई पक्ष वीच भएको सम्झौता बमोजिम देहाय बमोजिम अनुदान रकम विद्यालयको खातामा निकासा दिनेछ।

<u>देहाय</u>:
(क) अनुदान रकम प्रत्येक त्रैमासिक रुपमा उपलब्ध गराइने छ।
(ख) प्रत्येक त्रैमासिक रुपमा एक तिहाई रकम पेश्कीको रुपमा उपलब्ध गराइने छ।
(ग) दोश्रो त्रैमासिकमा अनुदान रकम निकासा माग्दा पहिलो त्रैमासिक र अन्तिम त्रैमासिक रकम निकासा माग्दा दोश्रो त्रैमासिक निकासको रकम दफा ६ बमोजिम फछ्यौंट गर्नु पर्नेछ।

६. **<u>अनुदान रकम फछ्यौंट सम्बन्धी व्यवस्था</u>**:- गाउँपालिकाबाट विद्यालय संचालनार्थ प्राप्त गरेको बजेट रकम सामुदायीक विद्यालयले देहाय बमोजिम फछ्यौंट गर्नु पर्नेछ।

(क) दफा ४ बमोजिमका कागजातको प्रति।
(ख) शिक्षक नियुक्ति पत्रको प्रतिलिपि।
(ग) शिक्षकको तलव, भत्ता भुक्तानीको भरपाई (पे-रोल र बैंक खातामा तलव भत्ता पठाएको पत्र सहित बैंकमा जम्मा भएको प्रमाण वा Manual भरपाई)
(घ) शिक्षक उपस्थितिको प्रमाणित हाजिरी कितावको अभिलेख।
(ङ) असार मसान्त समाप्त हुनु भन्दा ७ दिन अगाडी दफा ४ बमोजिम पेश भएको प्रस्ताव अनुसारको वार्षिक प्रतिवेदन।

९. **<u>संशोधन सम्बन्धी व्यवस्था</u>**:- गाउँ कार्यपालिकाको बैठकले आवश्यकता अनुसार यो कार्यविधि संशोधन गर्न सक्नेछ।

१०. **<u>खारेजी र वचाउँ</u>**:- यस भन्दा अगाडी भए गरेका काम कारवाही यसै बमोजिम भए गरेको मानिनेछ।

अनुसूची-१

(दफा ४ संग सम्बन्धित)

**चन्द्रकोट गाउँपालिका**

**गाउँ कार्यपालिकाको कार्यालय**

**शान्तिपुर, गुल्मी**

**लुम्विनी प्रदेश नेपाल**

**आ.व.** **सामुदायिक विद्यालय अनुदान सम्झौता**

**दर्ता नं. :**

| **१. क सम्झौता गर्ने पक्ष** | **ख अनुदानको विवरण** |
|---|---|
| १. सम्झौता गर्ने विद्यालय र प्रतिनिधिको नामः<br>२. प्रतिनिधिको नाम/पद :<br>३. ठेगाना :<br>४. मोवाइल नंः | १. अनुदान शीर्षककोको नामः :<br>२. अनुदान खर्च क्षेत्र : शिक्षकको तलव भत्ता<br>३. उद्देश्य : विद्यालय संचालन |
| २ अनुदान कार्यान्वयन सम्बन्धी विवरण | |
| क सम्झौता मिति :<br>ख  अनुदान रकम लागू हुने मितिः<br>ग अनुदानको श्रोतः<br>घ अनुदान सम्झौता रकम :<br>ङ लाभांवित विद्यार्थी संख्या : | |
| सम्झौताका शर्तहरु | |

**विद्यालयको जिम्मेवारी तथा पालना गरिने शर्तहरुः**

१. आयोजना मिति आ.व ....... को सुरु महिना देखि शुरु गरी आ.व ..... को अन्तिम महिना सम्म पुरा गर्नु पर्नेछ ।

२. प्राप्त रकम प्रस्तावनामा भएको उद्धेश्यका लागि मात्र प्रयोग गर्नुपर्नेछ।

३. विद्यालयले योजनाको लागि रकम पेश्की तवरबाट लैजान सक्ने छ र एक पटकमा वढिमा कुल रकमको ३३ प्रतिशत सम्म मात्र लैजान सक्ने छ।

४. अघिल्लो पेश्की रकम फछ्यौंट पछि मात्र अर्को पेश्की लैजान सकिने छ।

५. पेश्की फछ्यौंट गर्दा प्रस्तावनामा उल्लेख भए बमोजिम नै गर्नु पर्नेछ।

६. विद्यालयले अनुदान रकम फर्स्यौंट गर्दा कार्यविधिमा उल्लेख भए बमोजिम कागजात पेश गर्नु पर्नेछ।

७. तलव भत्ता भुक्तान गर्दा विद्यालयले नियमानुसार कर कट्टी गरी सम्बन्धित शिक्षकको बैंक खातामा जम्मा गर्नु पर्नेछ।

**कार्यालयको जिम्मेवारी तथा पालना गरिने शर्तहरुः**

१. प्रस्तावनामा उल्लेख भए अनुरुप कार्य संचालनका लागि रकम उपलब्ध गराईनेछ।

२. पेश्की मोडलबाट समेत कार्यालयले भुक्तानी गर्न सक्नेछ।

३. प्रस्तावना भन्दा अन्य खर्च गरेमा कार्यालय भुक्तानी दिन बाध्य हुनेछैन।

४. पेश्की लिएर कानुनले तोकेको अवधि भित्र फछ्र्यौट गरे/नगरेको कार्यालयले यकिन गर्नेछ।

५. कार्यालयको योजना शाखा तथा शिक्षा शाखाले यसको प्रत्यक्ष अनुगमन गर्न सक्नेछ।

६. यसमा उल्लेख नभएका कुराहरु प्रचलित कानून वमोजिम हुनेछ ।

**उपर्युक्त बमोजिम गर्न हामी मञ्जुर छौ**

| **विद्यालयको तर्फबाट** | **योजना शाखा** | **गाउँ कार्यपालिका कार्यालयको तर्फबाट** |
|---|---|---|
| नाम : | नामः | नाम : |
| पदः प्रधानाध्यापक | पदः प्रशासन, योजना तथा अनुगमन शाखा | पद : प्रमुख प्रशासकीय अधिकृत |
| सही : | | सहीः |
| मिति : | मितिः | मिति : |

अनुसूची-२

(दफा ४ को (ग) संग सम्बन्धित)

प्रस्ताव पत्र (Proposal Paper) को ढाँचा

**श्री चन्द्रकोट गाउँपालिकाको कार्यपालिकामा उदय माध्यामिक विद्यालय संचालनार्थ अनुदान रकम प्राप्तिका लागि तयार पारिएको प्रस्ताव पत्र**

## १. पृष्ठभूमि

चन्द्रकोट गाउँपालिका वडा नं. ४ को शान्तपुरमा संचालित श्री उदय माध्यामिक विद्यालय वि.सं. ... सालमा स्थापना भएको विद्यालय हो। यस विद्यालयमा साविकको ...गाउँ विकास समिति अन्तर्गत ...वडाबाट विद्यार्थीहरु अध्ययनका लागि आउने गर्दछन। यो विद्यालय ...कक्षासम्म संचालन रहेको छ। जहाँ ..जना छात्र र ..जना छात्रा गरी जम्मा ...विद्यार्थी अध्ययनरत छन। यस विद्यालयको दरवन्दी ... रहे पनि अध्यापन भने... कक्षासम्म संचालन रहेको र ....शिक्षकहरुलाई निजी श्रोतबाट तलव भत्ता भुक्तान हुने गरी नियुक्त गरिएकोमा यस विद्यालयको निजी स्रोत नरहेको हुँदा चन्द्रकोट गाउँपालिकाको आ.व. २०७८/७९ मा वडास्तरीय बजेट बाट... र गाउँपालिकास्तरीय बजेटबाट ...गरी विनियोजि जम्मा ... (अक्षरुपी...) अनुदान बजेट प्राप्त गरी शिक्षकको व्यवस्था गरी वालवालिकाको शिक्षा सम्बन्धी मौलिक हकको प्रचलन गराउन विद्यालय संचालन लागि यो प्रस्ताव पेश गरिएको छ।

## २. उद्देश्य

उदय माध्यामिक विद्यालयबाट चन्द्रकोट गाउँपालिकामा विद्यालय संचालनार्थ अनुदान बजेट माग गर्नकाको मुख्य उद्देश्य विद्यालयको निजी श्रोतका शिक्षकको पूर्ति गरी वालवालिकाकोको शिक्षा प्राप्त गर्ने मौलिक हक उपलब्ध गराउने रहेको छ।

## ३. माग गरिएको अनुदान रकम विवरण

प्रस्तावित बजेटको रकम देहाय बमोजिम खर्च गरिनेछ।

| क्र.सं. | विवरण | तलव स्केल | महिना | जम्मा बजेट | कैफियत |
|---|---|---|---|---|---|
| १ | प्रा.वि. तृतीय | | | | विषय |
| २ | प्रा.वि. द्धितीय | | | | विषय |
| ३ | प्रा.वि. प्रथम | | | | विषय |
| ४ | नि.मा.वि. (आधारभूत) तृतीय | | | | विषय |
| ५ | नि.मा.वि. (आधारभूत) द्धितीय | | | | विषय |
| ६ | नि.मा.वि. (आधारभूत) प्रथम | | | | विषय |
| ७ | मा.वि. तृतीय | | | | विषय |
| ८ | मा.वि. द्धितीय | | | | विषय |
| ९ | मा.वि. प्रथम | | | | विषय |
| जम्मा | | | | | |

## ४. अपेक्षित उपलब्धी

नागरिकको शिक्षा प्राप्त गर्न पाउने नैसर्गिक हकको हो। जसलाई नेपालको संविधानमा मौलिकको हकको रुपमा समेत स्पष्ट व्यवस्था गरिएको छ। चन्द्रकोट गाउँपालिकाको ४ नं. वडा, शान्तिपुरमा संचालित उदय माध्यामिक विद्यालयमा दरवन्दी ...रहेको र विद्यालय ...कक्षा सम्म संचालन रहेको छ। संचालित कक्षा अनुसार शिक्षकको संख्या न्यून रहेको हुँदा निजी श्रोतमा अध्यापन गर्ने शिक्षक व्यवस्था गरी यस विद्यालयमा अध्ययनरत ...विद्यार्थीहरुले लाभांवित हुने अपेक्षा गरिएको छ।

प्रस्तावक
............
(प्रधानाध्यापक)
उदय माध्यामिक विद्यालय
चन्द्रकोट-४, शान्तपुर, गुल्मी

आज्ञाले
इन्द्र बहादुर क्षेत्री
प्रमुख प्रशासकीय अधिकृत